गाउँ कार्यपालिकाको नियम संख्या : १

# शान्तिनगर गाउँपालिकाको आर्थिक ऐन, २०७४

गाउँ सभाबाट स्वीकृत मिति : २०७४/०५/२१

शान्तिनगर गाउँ कार्यपालिका

चिराघाट, दाङ, ५ नं. प्रदेश नेपाल

# शान्तिनगर गाउँपालिकाको आर्थिक ऐन २०७४

**शान्तिनगर गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावना:** शान्तिनगर गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर शुल्क दस्तुर र जरीवाना संकलन गर्ने, छुट दिने तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम शान्तिनगर गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "शान्तिनगर गाउँपालिकाआर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन गाउँ सभाबाट पारित भएको मिति देखि शान्तिनगर गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ ।

२. **सम्पति कर:** शान्तिनगर गाउँपालिका क्षेत्रभित्र अनुसूचि १ बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** शान्तिनगर गाउँपालिका क्षेत्रभित्र अनुसूचि २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल कर:** शान्तिनगर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय कर:** शान्तिनगर गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** शान्तिनगर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर:** शान्तिनगर गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि ६ बमोजिम सवारी साधन कर् लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन कर:** शान्तिनगर गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर:** शान्तिनगर गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क:** शान्तिनगर गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि ९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा र एलानी जग्गामा बसोबास गर्ने व्यक्तीहरुबाट सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क:** शान्तिनगर गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि १० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क:** शान्तिनगर गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि ११ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर:** शान्तिनगर गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क:** शान्तिनगर गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **बजार सरसफाइ व्यवस्थापन सहयोग शुल्क:** शान्तिनगर गाउपालिकाको क्षेत्रमा सँचालित उद्योग, व्यवसाय, कलकारखाना, खानी लगायतको सँचालनले वजार क्षेत्र अव्यवस्थित हुने भएकोले नेपालको सँविधानको अनुसुचि ८ को खण्ड १० मा उल्लेखित कार्य गर्ने प्रयोजनका लागि यस ऐनको अनुसुचि १४ मा उल्लेखित दरमा बजार सरसफाइ व्यवस्थापन सहयोग शुल्क लगाउन सक्नेछ ।

१६. **कर छुट:** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनै छ ।

अनुसुचिहरु

अनुसुचि १

एकिकृत सम्पत्ति कर

स्थानीय स्वायत्त शासन ऐन,२०५५ नियमावली २०५६ एकीकृत सम्पत्ति कर निर्देशिका २०६२ संसोधन सहितमा भएको व्यवस्था अनुसार स्वघोषणाको आधारमा एकीकृत सम्पत्ति कर अनिवार्य रुपमा लागू गरिनेछ । करको दररेट :

मुल्याङ्कनको आधारहरु

**क. जग्गा तर्फ :**

मालपोत कार्यालय दाङले रजिष्ट्रेशन पास निमित्त गाउँक्षेत्रमा निर्धारण गरेको न्युनतम दररेटलाई ५० प्रतिशत र चलनचल्तीको स्वघोषणा (मालपोतले गरेको भन्दा कम नहुनेगरी) मुल्याङकनलाई ५० प्रतिशत भार दिई हुने कुल मुल्याङकनलाई आधार मानिने ।

**ख. घर तथा भौतिक संरचना तर्फ**:- एकीकृत सम्पत्तिकर निर्धारण प्रयोजनका लागि घर तथा भौतिक संरचनाहरुकको मूल्याङकन दररेट देहाय बमोजिम वा स्वघोषणा अनुसार देहायको दररेटमा कम नहुने गरी गरिए बमोजिम हुनेछ ।

| क.सं | प्रकार | दररेट (प्रतिवर्ग फिट | ह्रासकट्टी दर प्रतिशत |
|---|---|---|---|
| १ | आर सि. सि. फेम स्टक्चर | ८००.०० | १ |
| २ | सिमेन्ट जोडाइ इटा वा ढुंगाको गारो र आर सि.सि छाना भएका घरहरु : | ६००.०० | २ |
| ३ | माटोको जोडाइ इटा वा ढुंगाको गारो आर.सि.सि.छाना भएका घर : | ५००.०० | ३ |
| ४ | सिमेन्ट जोडाइ इटा,ढुंगा वा ब्लकको गारो जस्ता छाना भएका घरहरु : | ५००.०० | २ |
| ५ | माटोको जोडाइ इटारढुगा वा ब्लकको गारो जस्ता छाना भएका घर : | ३००.०० | ३ |
| ६ | सिमेन्ट जोडाइमा इटा वा ढुगाको गारो भइ टायलको छाना भएका घरहरु : | २००.०० | ३ |
| ७ | माटोको गाह्रो टिनको छाना भएका घरहरु | १००.०० | ५ |
| ८ | माटोको गाह्रो फुसको छानो | ५०.०० | |

**कर दर रेटः**- माथि उल्लेखित दररेट बमोजिम कायम हुन आएको मूल्याङकनमा देहायको दररेट अनुसार र एकीकृत सम्पति कर लिईने छ ।

**एकीकृत सम्पत्ति करको दर**

| क.सं. | मुल्याङ्कन रकम (रु मा) | | | | एकीकृत स. कर (रु |
|---|---|---|---|---|---|
| | रु १ | देखि | ३ लाख | सम्म | ५०।- |
| १ | ३ लाख १ | देखि | ५ लाख | सम्म | १००।- |
| २ | ५ लाख १ | देखि | १० लाख | सम्म | २०० ।- |
| ३ | १० लाख १ | देखि | १५ लाख | सम्म | ३००।- |
| ४ | १५ लाख १ | देखि | २० लाख | सम्म | ४००।- |
| ५ | २० लाख १ | देखि | ३० लाख | सम्म | ५००।- |
| ६ | ३० लाख १ | देखि | ४० लाख | सम्म | ७००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | ४० लाख १ | देखि | ५० लाख | सम्म | १०००।- |
| ८ | ५० लाख १ | देखि | ८० लाख | सम्म | २०००।- |
| ९ | ८० लाख १ | देखि | १ करोड | सम्म | ३००० |
| १० | १ करोड १ | देखि | १ करोड ५० | सम्म | ४००० |
| ११ | १ करोड ५१ लाख १ | देखि | २ करोड | सम्म | ५०००।- |
| १२ | २ करोड १ | देखि | ३ करोड | सम्म | ८,००० |
| १३ | ३ करोड १ | देखि | ५ करोड | सम्म | १२,०००।- |
| १४ | ५ करोड १ | देखि | माथिको मुल्याङ्कनमा | सम्म | प्रति हजार २ का दरले थप |

एककृित सम्पत्तिकर निर्धारणका लागि करदाताले तोकीएको ढांचामा आप्नो सबै सम्पत्तिको विवरण खुलाउनु पर्नेछ । करदाताले विवरण पेश गर्दा आफ्नो सबै सम्पत्तिको विवरण नखुलाई पेश गरि कर तिरेको पछि लुकाएको सम्पत्ति विवरण पुन पेश गरि कर तिर्न आएको पाईएमा त्यस्ता सम्पत्तिलाई पुरानो विवरणमा नै समावेश गरि सम्पत्ति मूल्याकन गरि कर निर्धारण गरिने छ । यसरी निर्धारण हुने कर रकम बराबर जरीवाना थप गरि कर असुल गरिने छ ।

नोटः एकिकृत सम्पत्ति कर सम्बन्धमा गाउँपालिकाले निर्णय गरी लागु नगरेको अवधि सम्मको लागि मालपोत र घरजग्गा सम्पत्ती कर असुली गरिनेछ ।

| धुरीकर | | | |
|---|---|---|---|
| १ | फुसको छानो भएको | १०.०० | |
| २ | खपडा, टायल, टिन आदीको छानो भएको | २५.०० | |
| ३ | एक तले पक्की घर | १००.०० | तला थप हुदा प्रति तला रु ५० |

अनुसुचि २

| मालपोत/भुमिकर | | | |
|---|---|---|---|
| १ | अवल जग्गा प्रति कठ्ठा | ३०.०० | |
| २ | दोयम जग्गा प्रति कठ्ठा | २५.०० | |
| ३ | सिम जग्गा प्रति कठ्ठा | २०.०० | |
| ४ | चाहार जग्गा प्रति कठ्ठा | १५.०० | |

अनुसुचि ३

| वहाल कर |
|---|

| | |
|---|---|
| १ | (क) गाउँपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड कारखाना, जग्गा आदि वहालमा दिएकोमा सम्बन्धित धनीबाट २ (दुई) प्रतिशत वहालकर लिने । |
| २ | (ख) गाउँपालिका क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफिट रु. २ देखि २० सम्म मासिक वहाल विटौरी लिने । |

अनुसुचि ४

| अन्य व्यवसाय दर्ता तथा नविकरण कर | | | |
|---|---|---|---|
| मदिरा पसल | | नया दर्ता | नविकरण |
| १ | मदिरा पसल डिलर | २०००.०० | २०००.०० |
| २ | मदिरा पसल खुद्रा | १,०००.०० | १,०००.०० |
| | मिष्ठान भण्डार | | |
| १ | मिठाई तथा नास्ता पसल, | ७००.०० | ७००.०० |
| २ | साधारण चिया पसल | २००.०० | २००.०० |
| | सुनचादी | नया दर्ता | नविकरण |
| १ | सुनचादी पसल | १५००.०० | १,५००.०० |
| | होटल व्यवसाय | नया दर्ता | नविकरण |
| १ | होटल तथा रेष्टुरेन्ट | १,०००.०० | १,०००.०० |
| | बित्तिय संस्था | | |
| १ | क बर्ग | १०,०००.०० | १०,०००.०० |
| २ | शाखा कार्यालय | ८,०००.०० | ८,०००.०० |
| ३ | बिकास बैक प्रधान कार्यालय | ८,०००.०० | ८,०००.०० |
| ४ | शाखा कार्यालय | ६,०००.०० | ६,०००.०० |
| ५ | साना लघु बित्तिय | ४,०००.०० | ४,०००.०० |
| ६ | बिमा कम्पनी | ४,०००.०० | ४,०००.०० |
| ७ | सटही काउन्टर | ३,०००.०० | ३,०००.०० |
| ८ | सहकारी सँस्था | १,०००.०० | १,०००.०० |
| ९ | मनि ट्रान्सफर | ३,०००.०० | ३,०००.०० |
| | मासु पसल | | |

| | | | |
|---|---|---|---|
| १ | खसी ,राँगा | ७५०.०० | ७५०.०० |
| २ | व्यवस्थित रुपले संचालित फ्रेस हाउस | १,०००.०० | १०००.०० |
| ३ | वँगुर मासु | ७५०.०० | ७५०.०० |
| ४ | साधारण फ्रेस हाउस | ५००.०० | ५००.०० |
| ५ | अन्य मासु पसल | ५००.०० | ५००.०० |
| | **स्वास्थ्य सेवा** | | |
| १ | गैर सरकारी अस्पताल १० वेडसम्म | १५००.०० | १५००.०० |
| २ | गैर सरकारी अस्पताल १० वेडभन्दा धेरै | २५००.०० | २५००.०० |
| ३ | डाक्टर सेवा क्लिनिक तथा औषधि पसल | १,०००.०० | १,०००.०० |
| ४ | ल्याब सेवा डेन्टल हस्पीटल | १,०००.०० | १,०००.०० |
| | **शिक्षा सेवा व्यवसाय निजि स्तर** | | |
| १ | आधारभुत स्तर | ५,०००.०० | ५,०००.०० |
| २ | मा.वि. स्तर | १०,०००.०० | १०,०००.०० |
| ३ | क्याम्पस स्त/ उच्च शिक्षा | १५,०००.०० | १५,०००.०० |
| ४ | प्राविधीक शिक्षा | २,०००.०० | २,०००.०० |
| | **कानुनी सेवा** | | |
| १ | बरिष्ठ अधिबक्ता | २,०००.०० | २,०००.०० |
| २ | अधिबक्ता | १,०००.०० | १,०००.०० |
| ३ | कानुनी परामर्श सेवा | १,०००.०० | १,०००.०० |
| ४ | लेखापढी व्यवसायी | १,०००.०० | १,०००.०० |
| ५ | लेखा परिक्षण क बर्ग | २०००.०० | २,०००.०० |
| ६ | लेखा परिक्षण ख बर्ग | १५००.०० | १,५००.०० |
| ७ | लेखा परिक्षक ग/घ | १,०००.०० | १,०००.०० |
| | **निर्माण व्यवसायी फर्म** | | |
| १ | क बर्ग | ६,०००.०० | ६,०००.०० |

| | | | |
|---|---|---|---|
| २ | ख बर्ग | ५,०००.०० | ५,०००.०० |
| ३ | ग बर्ग | ४,०००.०० | ४,०००.०० |
| ४ | घ बर्ग | ३,०००.०० | ३,०००.०० |
| ५ | शाखा कार्यालय निर्माण व्यवसायी | आधा लाग्ने | आधा लाग्ने |
| | **उद्योग व्यवसाय तर्फ** | | |
| १ | खाद्य उद्योग क बर्ग (अधिकृत पूँजी २५ लाख देखि माथि | २५००.०० | २५००.०० |
| २ | खाद्य उद्योग ख बर्ग (अधिकृत पूँजी १५ देखि २५ लाख सम्म | १५००.०० | १५००.०० |
| ३ | खाद्य उद्योग (अधिकृत पूँजी ५ देखि १५ लाख सम्म | १०००.०० | १०००.०० |
| ४ | खाद्य उद्योग (अधिकृत पूँजी ५ लाख सम्म | ५००.०० | ५००.०० |
| ५ | चाउमिन उद्योग | १०००.०० | १०००.०० |
| ६ | पाउरोटी उद्योग | १०००.०० | १०००.०० |
| ७ | मसला पिस्ने उद्योग | १,०००.०० | १,०००.०० |
| ८ | कृषि सम्बन्धी फर्म/व्यवसाय | १,०००.०० | १,०००.०० |
| ९ | कुटानी / तेल मिल | १,०००.०० | १,०००.०० |
| १० | फर्निचर उद्योग/सो रुम | २,०००.०० | २,०००.०० |
| ११ | लघु उद्यम/हस्तकला उद्योग | ५००.०० | ५००.०० |
| १२ | ग्रिल उद्योग | १,०००.०० | १,०००.०० |
| १३ | डेरी उद्योग | १५००.०० | १५००.०० |
| १४ | स्टिल फर्निचर उद्योग | १,५००.०० | १५००.०० |
| १५ | इटा उद्योग | ५०,०००.०० | ५०,०००.०० |
| १६ | टायल, ब्लक, रिङ लगायतका सेनेटरी उद्योग | २,०००.०० | २,०००.०० |
| १७ | फ्रुट उद्योग व्यवसार कर | १०००.०० | १०००.०० |
| १८ | आलमोनियम उद्योग | २,०००.०० | २,०००.०० |
| १९ | कोयला उद्योग | ५,०००.०० | ५,०००.०० |
| २० | मिनरल वाटर उद्योग | ५०००.०० | ५०००.०० |
| २१ | कापि उद्योग | २,०००.०० | २,०००.०० |

शम्भुनाथ गाउँपालिका

| | | | |
|---|---|---|---|
| २२ | बोरा उद्योग | २,०००.०० | २,०००.०० |
| २३ | गारमेन्ट उद्योग | २,०००.०० | २,०००.०० |
| २४ | क्रसर उद्योग | ५०,०००.०० | ५०,०००.०० |
| २५ | सिरक डसना उद्योग | २,०००.०० | २,०००.०० |
| २६ | गलैचा उद्योग | ५०००.०० | ५०००.०० |
| | **अन्य पसल** | | |
| १ | तरकारी पसल | ३००.०० | ३००.०० |
| २ | फलफुल पसल | ३००.०० | ३००.०० |
| ३ | थोक किराना पसल | १,५००.०० | १,५००.०० |
| ४ | खुद्रा किराना पसल | ५००.०० | ५००.०० |
| ५ | हेयर कटीङ्ग सैलुन | ५००.०० | ५००.०० |
| ६ | ब्युटी पार्लर | ५००.०० | ५००.०० |
| ७ | जुत्ता बनाई बिक्री गर्ने पसल | ५००.०० | ५००.०० |
| ८ | जुत्ता चप्पल थोक पसल | १५००.०० | १५००.०० |
| ९ | जुत्ता चप्पल खुद्रा पसल | ५००.०० | ५००.०० |
| १० | भाँडा पसल खुद्रा | १,०००.०० | १,०००.०० |
| ११ | फेन्सी पसल | १०००.०० | १०००.०० |
| १२ | कपडा पसल | १,०००.०० | १,०००.०० |
| १३ | सःमिल | ५०००.०० | ५०००.०० |
| १४ | प्लाईउड, शिसा,कार्पेट,फ्रेम | १,०००.०० | १,०००.०० |
| १५ | बेतबाँस फर्निचर पसल | १,०००.०० | १०००.०० |
| १६ | हार्डवयर पसल | १५००.०० | १५००.०० |
| १७ | पेन्ट पसल | १५००.०० | १५००.०० |
| १८ | इलेक्ट्रोनिक पसल | १०००.०० | १०००.०० |
| १९ | इलेक्ट्रीक पसल | १,०००.०० | १,०००.०० |
| २० | रेडियो, घडी, टि.भी. र अन्य मर्मत तथा बिक्री | १,०००.०० | १,०००.०० |
| २१ | कृषि सामाग्री बिक्री पसल डिलर समेतको | १,५००.०० | १,५००.०० |
| २२ | खुद्रा कृषि समाग्री भएको पसल | १,०००.०० | १,०००.०० |

| | | | |
|---|---|---|---|
| २३ | पुस्तक तथा स्टेशनरी पसल | १,०००.०० | १,०००.०० |
| २४ | छापाखाना प्रेस | १,०००.०० | १,०००.०० |
| २५ | प्लाष्टिक पसल थोक | २,०००.०० | २,०००.०० |
| २६ | खुद्रा प्लाष्टिक पसल | १,०००.०० | १,०००.०० |
| २७ | फोटो स्टुडीयो | ५००.०० | ५००.०० |
| २८ | पेट्रोल पम्प | ५,०००.०० | ५,०००.०० |
| २९ | कम्प्युटर तालिम केन्द्र, भाषा शिक्षण केन्द्र र ड्राईभिङ्ग सेन्टर | १,०००.०० | १,०००.०० |
| ३० | कम्प्युटर/फोटोकपी ममत केन्द्र | १,०००.०० | १,०००.०० |
| ३१ | मोटर साईकल वर्कसप | १,०००.०० | १,०००.०० |
| ३२ | रिक्सा, साइकल मर्मत पसल | ५००.०० | ५००.०० |
| ३३ | पुल स्नुकर | १,०००.०० | १,०००.०० |
| ३४ | जिम हाउस | १,०००.०० | १,०००.०० |
| ३५ | श्रृगार पसल, ब्यूटी पार्लर तालिम केन्द्र समेत | १,०००.०० | १,०००.०० |
| ३६ | ढुवानी सेवा | २,०००.०० | २,०००.०० |
| ३७ | यातायात सेवा | ५,०००.०० | ५,०००.०० |
| ३८ | संचार सेवा व्यवसाय | ५००.०० | ५००.०० |
| ३९ | फोटोकपी,कुरीयर | ५००.०० | ५००.०० |
| ४० | परामर्श सेवा इन्जिनियरिङ्ग कम्पनी | १,०००.०० | १,०००.०० |
| ४१ | इन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म | १,०००.०० | १,०००.०० |
| ४२ | चश्मा पसल | १,०००.०० | १,०००.०० |
| ४३ | बुटीक पसल | १,०००.०० | १,०००.०० |
| ४४ | डेन्टल सर्भिस | १,०००.०० | १,०००.०० |
| ४५ | साइनबोर्ड पेन्टीङ्ग पसल (आर्ट पसल | ५००.०० | ५००.०० |
| ४६ | टेन्ट हाउस | २,०००.०० | २,०००.०० |
| ४७ | ग्यास पसल | ५००.०० | |

| | | | |
|---|---|---|---|
| | | | ५००.०० |
| ४८ | मम, सुकुटी पसल | १,०००.०० | १,०००.०० |
| ४९ | सिरक डसना पसल | १,०००.०० | १,०००.०० |
| ५० | मोबाइल फोन मर्मत तथा पसल | १,०००.०० | १,०००.०० |
| ५१ | कुखुरा माछा फर्म १००० सम्म क्षमता भएका | ५००.०० | ५००.०० |
| ५२ | कुखुरा माछा फर्म - १००० माथि क्षमता भएका | १,०००.०० | १,०००.०० |
| ५३ | नर्सरी फर्म | १,०००.०० | १,०००.०० |
| ५४ | खाद्यन्न, पसल | १,०००.०० | १,०००.०० |
| ५५ | नापी सेवा, बिमा एजेन्ट, पशु चिकित्सक | १,०००.०० | १,०००.०० |
| ५६ | ईटा उद्योग बिक्रि डिपो | १०००.०० | १,०००.०० |
| ५७ | बैदेशिक रोजगारी | ३,५००.०० | ३,५००.०० |
| ५८ | टेलर्स पसल | ५००.०० | ५००.०० |
| ५९ | स्टिल, काठ, फर्निचर बिक्रेता | १,०००.०० | १,०००.०० |
| ६० | आलु पसल | ५००.०० | ५००.०० |
| ६१ | एग्रोभेट पसल | १०००.०० | १०००.०० |
| ६२ | गल्ला पसल | १,०००.०० | १,०००.०० |
| ६३ | मोटर पार्टर्स बिक्रि | १,०००.०० | १,०००.०० |
| ६४ | डकर्मी व्यवसाय | ५००.०० | ५००.०० |
| ६५ | गिफ्ट तथा फोटो फ्रेम पसल | ५००.०० | ५००.०० |
| ६६ | पशुपालन व्यवसाय | १,०००.०० | १,०००.०० |
| ६७ | कृषि व्यवसाय | १,०००.०० | १,०००.०० |
| ६८ | ढेबली तथा साना किराना पसल | ३००.०० | ३००.०० |
| ६९ | छाला संकलन तथा बिक्रि पसल | १,०००.०० | १,०००.०० |
| ७० | सोलार सम्बन्धि पसल | १५००.०० | १५००.०० |
| ७१ | गर गहना ग्यारेन्टेड पसल | १,०००.०० | १,०००.०० |
| ७२ | कम्प्युटर तथा टि.भी. सम्बन्धि कारोबार | १,०००.०० | १,०००.०० |
| ७३ | हेभी ईक्विपमेन्ट, बस, ट्रक आदि मर्मत | १,५००.०० | १,५००.०० |
| ७४ | सवारी बडि बिल्डर्स | २,५००.०० | २,५००.०० |
| ७५ | सवारी टायर बिक्रेता | १,५००.०० | १,५००.०० |
| ७६ | सवारी साधन पार्किङ व्यवसाय | १,०००.०० | १,०००.०० |
| ७७ | फलोर मिल | २,०००.०० | २,०००.०० |
| ७८ | राईस मिल | २,०००.०० | २,०००.०० |

| | | | |
|---|---|---|---|
| ७६ | सवारी साधन पार्किङ व्यवसाय | १,०००.०० | १,०००.०० |
| ७७ | फलोर मिल | २,०००.०० | २,०००.०० |
| ७८ | राईस मिल | २,०००.०० | २,०००.०० |
| ७९ | आयल मिल | १,५००.०० | १,५००.०० |
| ८० | वाखा सुगुर प्रति गोटा | ३०.०० | गाउँपालिका बाहिर व्यापारिक प्रयोजनका लागि निकासी गर्दा । |
| ८१ | गोरू वा राँगा प्रति गोटा | ५०.०० | गाउँपालिका बाहिर व्यापारिक प्रयोजनका लागि निकासी गर्दा । |
| ८२ | ठेका ठेकी प्रतिगोटा | ठेका रू १०, ठेकी रू ५ | गाउँपालिका बाहिर व्यापारिक प्रयोजनका लागि निकासी गर्दा । |
| ८३ | मोबाईल टावर शुल्क वार्षिक (नेपाल टेलिकम) | १०,०००.०० | १०,०००.०० |
| ८४ | मोबाईल टावर शुल्क वार्षिक (एनसेल) | २०,०००.०० | २०,०००.०० |

अनुसुचि ५

## जडीवुटी कवाडी र जीवजन्तु कर

| | | | |
|---|---|---|---|
| १ | कवाडी सामग्री संकलन पसल | १०००.०० | १०००.०० |

अनुसुचि ६

| सवारी दर्ता तथा नविकरण | | | | |
|---|---|---|---|---|
| १ | भाडाका कार, जिप, अटो | ५००.०० | ५००.०० | |
| २ | ब्रस, ट्रक, लहरी तथा हेवी सवारी साधन | १०००.०० | १०००.०० | |
| ३ | निजिकार, जिप तथा अन्य | ५००.०० | ५००.०० | |
| ४ | मोटर साईकल, स्कुटर तथा अन्य सवारी साधन | २५०.०० | २५०.०० | |
| ५ | रिक्सा, ठेला | ५०.०० | ५०.०० | |
| ६ | मिनीवस | ७००.०० | ७००.०० | |
| ७ | ट्रेक्टर | ६००.०० | ६००.०० | |
| ८ | विकास निर्माणमा प्रयोग हुने सवारी साधन (स्क्याभेटर) | १०,०००.०० | १०,०००.०० | तेश्रो गाउँसभाबाट पारित |
| ९ | विकास निर्माणमा प्रयोग हुने सवारी साधन (जे.सी.वि.) | ५,०००.०० | ५,०००.०० | तेश्रो गाउँसभाबाट पारित |

अनुसुचि ७

## विज्ञापन कर

| | | | |
|---|---|---|---|
| १ | होडीङ्ग, बोर्ड, व्यानर, व्यवसायीक बिज्ञापन (५ वर्ग फिट सम्मको, ५ वर्गफिट भन्दा ठूलोको हकमा प्रति वर्गफिट रु ५० का दरले थपिने छ | वार्षिक ५००.०० | वार्षिक ५००.०० |
| २ | अस्थायी रुपमा व्यवसायीक दृष्टिकोणले राखेको बोर्ड, व्यानर | प्रतिदिन २००.०० | प्रतिदिन २००.०० |

अनुसुचि ८

| मनोरञ्जन कर | | | |
|---|---|---|---|
| १ | सिनेमा हल, भिडीयो हल, सांस्कृतिक प्रदर्शन हल, थियटर | टिकटको ५ प्रतिशत | टिकटको ५ प्रतिशत |
| २ | चलचित्र सुटिङ | रु ५०० प्रति दिन | ५०० प्रति दिन |
| ४ | डिक्स तथा व्यपारीक केवल नेटवर्क | ४,०००.०० | ४०००.०० |

अनुसुचि १२

| कार्यालयबाट दैनिक रुपमा संकलन गर्ने कर, दस्तुर, शुल्क सम्वन्धी विवरण | | | |
|---|---|---|---|
| विविध सिफारीस दस्तूर | | | |
| १ | वकस पत्र शिफारिस | १,०००.०० | |
| २ | बकस पत्र शिफारिस महिला | ५००.०० | |
| ३ | शेषपछिको वकस पत्र शिफारिस | १,०००.०० | |
| ४ | अंश वण्डा शिफारिस | १०००.०० | |
| ५ | नाता प्रमाणित विदेश प्रयोजन | ३००.०० | |
| ६ | नाता प्रमाणित अनुसूचि अनुसार | २५०.०० | |
| ७ | विदेश प्रयोजनको लागि गरिने सिफारिश | २५०.०० | |
| ८ | रकम असुलीमा विगोको ( मिलापत्र ) | १० % | |
| ९ | स्थायी वसोवास सिफारिस | १५०.०० | |
| १० | अस्थायी वसोवास सिफारिस | २५०.०० | |
| ११ | सम्वन्ध विच्छेद राय सिफारिस | ५००.०० | |
| १२ | मिला पत्र दुवै पक्षवाट | २५०.०० | |
| १३ | टेलिफोन सिफारिस | २५०.०० | |
| १४ | नाम सच्चाई सर्जमित नाम, जन्मस्थान, मिति | ३५०.०० | |
| १५ | अँगिकृत नागरीकता सर्जमिन तथा | ५००.०० | |

| | | | |
|---|---|---|---|
| | सिफारीस | | |
| १६ | खानेपानी तथा सरसफाई संस्थामा धारा सिफारिस | २००.०० | |
| १७ | संघसंस्था दर्ता सिफारिस | ५००.०० | |
| १८ | काठ सिफारिस कुकाठ, गोलिया | २५.०० | प्रति क्यूफिट |
| १९ | काठ सिफारिस कुकाठ, जर्ना र दाउरा | १०००.०० | प्रति चट्टा |
| २० | काठ सिफारिस साल सिसौ, गोलिया | ५०.०० | प्रति क्यूफिट |
| २१ | काठ सिफारिस साल सिसौ जर्ना र दाउरा | ५००.०० | प्रति चट्टा |
| २२ | खयर | ३.०० | प्रति किलो |
| २३ | सुकुम्वासी पुर्जा सिफारिस | क. ० देखि ५ कठ्ठा सम्म रू १००<br>ख. ५ देखि १० कठ्ठा सम्म रू २००<br>ग.१० कठ्ठा देखि माथि रू ३०० | |
| २४ | छुट जग्गा सिफारिस | क. ० देखि ५ कठ्ठा सम्म रू ५००<br>ख. ५ देखि १० कठ्ठा सम्म रू १०००<br>ग.१० कठ्ठा देखि माथि रू १५०० | |
| २५ | सुकुम्वासी सिफारिस | १००.०० | |
| २६ | द्वन्दपिडित सिफारिस | ५०.०० | |
| २७ | लालपुर्जा फोटो टांस | १००.०० | |
| २८ | नगदी रसिद समेत प्रमाणित | १००.०० | |
| २९ | घरको ताला खुलाउने दस्तुर | ५००.०० | |
| ३० | व्यवसायको लगत कट्टा गरेवापत | २००.०० | |
| ३१ | भरूवा बन्दुक नविकरण शुल्क | ६०.०० | |
| ३२ | मोठ श्रेस्ता सिफारिश | ३५०.०० | |
| ३३ | उद्योग नामसारी (ठुलो) | ५००.०० | |
| ३४ | उद्योग नामसारी (सानो) | ३००.०० | |
| ३५ | व्यवसाय नामसारी सिफारिश | ५००.०० | |
| ३६ | पेन्सन नामसारी भारतिय | ५००.०० | |
| ३७ | नागरिकता सिफारिस | १२५.०० | |
| ३८ | पेन्सन नामसारी तेश्रो मुलुक | ८००.०० | |
| ३९ | चारकिल्ला | रू ५०० | |
| ४० | निवेदन दस्तुर | रू १० | |
| | **मोहि लगत कटा सिफारीस** | | |
| १ | मोहि लगत कट्टा १ विगाह सम्म | ५००.०० | |
| २ | १ विगाह भन्दा माथी ५ विगाह सम्म | १०००.०० | |
| ३ | ५ विगाह भन्दा माथी | १५००.०० | |
| ४ | मोही नामसारी | ३००.०० | |

| | | | |
|---|---|---|---|
| **घरजग्गा नामसारी सिफारिस** | | | |
| १ | ५ कठ्ठा सम्म | २००.०० | |
| २ | ५-१० कठ्ठा सम्म | ३००.०० | |
| ३ | १०-१ विगाह सम्म | ५००.०० | |
| ४ | सो भन्दा माथि | ७००.०० | |
| **अपुताली शिफारिस** | | | |
| १ | ५ कठ्ठा सम्म | ३००.०० | |
| २ | ५-१० कठ्ठा सम्म | ५००.०० | |
| ३ | १०-१ विगाह सम्म | ७००.०० | |
| ४ | सो भन्दा माथि | १०००.०० | |
| **ऐलानी जग्गा दर्ता सर्जमिन** | | | |
| १ | ५ कठ्ठा सम्म | ३००.०० | |
| २ | ५-१० कठ्ठा सम्म | ५००.०० | |
| ३ | १०-१ विगाह सम्म | ७००.०० | |
| ४ | सो भन्दा माथि | १,०००.०० | |
| **विदेश प्रयोजनका लागि सिफारिश** | | | |
| १ | जन्ममिति प्रमाणित | २५०.०० | |
| २ | विवाहित, अविवाहित प्रमाणित | २५०.०० | |
| ३ | ठेगाना प्रमाणित | २५०.०० | |
| ४ | चारित्रिक प्रमाणित | ५००.०० | |
| ५ | नाम फरक | २५०.०० | |
| **स्वदेश प्रयोजनका लागि सिफारिश** | | | |
| १ | जन्ममिति प्रमाणित | २००.०० | |
| २ | विवाहित, अविवाहित प्रमाणित | २००.०० | |
| ३ | ठेगाना प्रमाणित | २००.०० | |
| ४ | चारित्रिक प्रमाणित | २५०.०० | |
| ५ | अन्य विविध | २००.०० | |
| **फाराम विक्री** | | | |
| १ | विद्युत, खानेपानी,फाराम | ५०.०० | |
| २ | घर नक्शापास पुस्तिका | ३००.०० | |
| ३ | एकीकृत सम्पत्तिकर फाराम | ५०.०० | |
| **उद्योग / व्यवसाय दर्ता सिफारिस** | | | |
| १ | पोल्ट्री फर्म, खाद्य, तेल, कापि, माहुरी, पशुपालन | ५००.०० | |
| २ | काठ तथा स्टील फर्निचर,ग्रील उद्योग, दाना, डेरी उद्योग, टायर उद्योग, | ७००.०० | |
| ३ | बाकर्स, होजेरी, गारमेन्ट, खुकुरी, ग्यास वेलडिङ, अगरवत्ति, ममवत्ति, | ३००.०० | |
| ४ | अन्य व्यवसाय | ५००.०० | |

| | | | |
|---|---|---|---|
| ५ | व्यवसाय/ सेवा दर्ता सर्जमिन सिफारिश ठुलो | १,०००.०० | |
| ६ | व्यवसाय/सेवा दर्ता सर्जमिन सिफारिश सानो | ५००.०० | |
| | **विद्यालय सिफारिस निजी** | | |
| १ | क्याम्पस स्तर | ४,०००.०० | |
| २ | मा.वि.स्तर | ३,०००.०० | |
| ३ | आधारभुत स्तर | २,०००.०० | |
| | **सम्पत्ति मूल्यांकन (अन्य प्रयोजनका लागि)** | | |
| १ | सम्पत्ति मूल्यांकन प्रति हजार | रु १.०० | |
| | **जग्गा मूल्यांकन (विदेश पढन जाने प्रयोजन)** | | |
| १ | ५० लाखसम्म | २,५००.०० | |
| २ | ५० लाख भन्दा माथि १ करोड सम्म | ३,५००.०० | |
| ३ | १ करोड भन्दा माथि २ करोड सम्म | ४,५००.०० | |
| ४ | २ करोड भन्दा माथि | ६,०००.०० | |
| | **आयश्रोत प्रमाणित सिफारिस ( अन्य प्रयोजनका लागि )** | | |
| १ | आय श्रोत प्रमाणित प्रति हजार | १.०० | एक रूपैया |
| | **आयश्रोत प्रमाणित सिफारिस (विदेश पढ्न जाने प्रायोजन)** | | |
| १ | ५० लाख सम्म | २,५००.०० | |
| २ | ५० लाख देखि १ करोडसम्म | ३,५००.०० | |
| ३ | १ करोड देखि २ करोडसम्म | ४,५००.०० | |
| ४ | सो भन्दा माथि | ६,०००.०० | |
| | **घडेरी प्लटिङमा नयां बाटो खोल्न लगत कट्टा गर्दा सिफारिश** | | |
| १ | ० देखी १० धुर सम्म | १०००.०० | |
| २ | १० धुर देखी २ कठ्ठा सम्म | २०००.०० | |
| ३ | २ कठ्ठा देखी ३ कठ्ठा सम्म | ३०००.०० | |
| ४ | ३ कठ्ठा देखी ५ कठ्ठा सम्म | ४५००.०० | |
| ५ | ५ कठ्ठा देखी १० कठ्ठा सम्म | ६०००.०० | |
| ६ | १० कठ्ठा देखी माथी | ८०००.०० | |
| ७ | प्लानिङ बाहेक विगत देखी सार्वजनिक प्रयोगका लागि बनेका बाटाहरूमा गाउँपालिका अध्यक्षले तोकि दिए बमोजिम | | |
| | **बिद्युत सिफारिस** | | |
| १ | घरेलु बिद्युत लाईन जडान सिफारिस | २००.०० | |
| २ | उद्योगमा बिद्युत जडान सिफारिस प्रति अश्वशक्ति | २००.०० | |
| ३ | ठुलो उद्योगमा बिद्युत लाईन जडान सिफारिस | ५,०००.०० | |
| ४ | मझौला उद्योग बिद्युत लाईन जडान सिफारिस | २५००.०० | |

| | | | |
|---|---|---|---|
| पेन्सन सिफारिस | | | |
| १ | ब्रिटिस/तेश्रो मुलुक | ८००.०० | |
| २ | भारतीय | ५००.०० | |
| ३ | नेपाली पेन्सनर | २००.०० | |
| पार्किङ शुल्क | | | |
| वसपार्क वा गाउँपालिकाले तोकेको क्षेत्रमा पार्किङ वापत निम्नानुसार पार्किङ शुल्क लिने । प्रतिदिन (२४ घण्टा सम्म) | | | |
| १ | बस, ट्रक | २०.०० | |
| २ | ट्रेक्टर , मिनिवस | १०.०० | |
| ३ | टयाक्सी ,टेम्पो कार आदी | ५.०० | |
| घर नक्शापास (प्रति वर्गफिट) | | | |
| १ | आवासीय | ४.०० | |
| २ | व्यापारी | ६.०० | |
| ३ | पक्की इटाको गाह्रो टिनको छानो | २.०० | |
| ४ | वडान १ देखि ७ सम्मका कच्ची घरहरूको प्रमाण पत्र दस्तुर | २००.०० | |
| ५ | घर नक्शापास नामसारी | १,५००.०० | |
| ६ | घर नक्सापास टिन तथा टायल छाना प्रति बर्ग फिट | २.०० | |
| ७ | गा.पा. क्षेत्रभित्र पर्खाल निर्माण गर्दा प्रति रनिङ फुट | १.०० | |
| ८ | घर कायम सिफारिश १००० बर्गफुटसम्म | ५००.०० | |
| ९ | घर कायम सिफारिश १००० बर्गफुटदेखी माथि | १०००.०० | |

अनुसुचि १४

| बजार सरसफाइ व्यवस्थापन सहयोग शुल्क | | | | |
|---|---|---|---|---|
| क्र स | व्यवसाय | इकाइ | दर | कैफियत |
| १ | सरसफाई शुल्क वाफत | | रू.१०० देखी रू.३०० सम्म लिनसकिने छ । | |

अन्य व्यवस्था

| | | | |
|---|---|---|---|
| | कर छुट | | |
| १ | घरबाटो सिफारिशमा महिला लाई | २५ प्रतिशत छुट | |
| २ | औषधी उपचार तथा अपाङग परिचय पत्रको लागी | निशुल्क | |
| ३ | व्यवसाय कर सोहि आ.व.को असोज मसान्तसम्म दाखिला गरेमा | २० प्रतिशत छुट | |
| ४ | आर्थिक अवस्था कमजोर भएको सिफारीस (अत्यन्त निम्न आर्थिक अवस्था भएकालाई मात्र वडा अध्यक्षको सिफारीसमा ) | निशुल्क | |
| ५ | ६० वर्ष उमेर पुरा भएका विपन्न जेष्ठ नागरिकहरूलाई नागरिकता सँग सम्बन्धित लाग्ने दस्तुरहरूमा | निशुल्क | |
| | | | |
| | जरिवाना | | |
| १ | सडकमा निर्माण सामाग्री थुपार्ने अनुमतिको म्याद नाघेमा | प्रतिदिन रू. २५०। | |
| २ | व्यवसायकर समयमा नवुझाएमा | प्रति वर्ष २० प्रतिशत थप | |
| ३ | व्यक्तिगत घटना दर्ता जरिवाना | रू ५०। | |
| | घर बाटो प्रमाणित | | |
| १ | एक धुर देखि १० कठ्ठा सम्म | रू ५०० | |
| २ | १० कठ्ठा १ धुर देखि १ विगाहा सम्म | रू ७५० | |
| ३ | १ विगाहा भन्दा माथि सवै | रू १००० | |
| | विकास सेवा शुल्क (प्रति ऐलानी जग्गामा बसोवास गरिरहेकाहरु सँग लिने) | | |
| १ | तुलसीपुर – सुर्खेत मुल सडक संग जोडिएका जग्गाको हकमा प्रति कठ्ठा | रु ३०.०० | |
| २ | गहते खोला – खिलतपुर मुलसडकसँग जोडिएका जग्गाको हकमा प्रति कठ्ठा | रु ३०.०० | |
| ३ | हुलाकी मार्ग दामोदर मार्ग सँग जोडिएका जग्गाको हकमा प्रति कठ्ठा | रु ३०.०० | |
| ४ | मुल सडक वाहेकका जग्गाका हकमा प्रति कठ्ठा | रु १५.०० | |
| ५ | पहाडि क्षेत्रहरु बाघखोर, लालपुर, हिरापुर, लंकेगैरा, मजुवा, केराघारी, पाँडेडाँडा, एकराते, पेदीखोला, छेकुवा, भ्यूँडर, बस्तीखोला, साउनेसल्लाघारी, बसेरी, सुकेकोट, हारिचार, बाँझविसौना, तिनुखारा, बान्द्रेखोला, देविडाँडा, खज्जर, सालघारी, सानोहल्दे, अदुवाबारी, चापीकोट, थापाडेरा, कल्लेखारा ,सिद्धपनेरा, सिम्टाल्नी खोर्‍रे, खन्नेगैरा, भेदिबास, अखेलाछेर्ना, आरुखुटी, बसेनीका जग्गाकोहकमा प्रति कठ्ठा | रु १०.०० | |